# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १ गते २०३१ साल

### सर्वोच्च अदालतको

### सूचना

**सर्वोच्च अदालत (प्रथम संशोधन) नियमावली, २०३०**

सर्वोच्च अदालत नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले सर्वोच्च अदालत ऐन, २०१९ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले बनाएको देहायको नियमावलीलाई श्री ५ बाट स्वीकृति बक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ को खण्ड (ख) र (ङ) को सट्टा देहायको खण्ड (ख) र (ङ) राखिएको छः–

(ख) "कानून व्यवसायी" भन्नाले कानून व्यवसायी ऐन, २०२५ बमोजिम कानून व्यवसायीमा दरिएको व्यक्तिलाई सम्झनु पर्छ ।



९६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "सिंगल बेञ्च" भन्नाले एक जना न्यायाधीशको बेञ्चलाई र "डिभिजन बेञ्च" भन्नाले दुई जना न्यायाधीशहरूको बेञ्चलाई सम्झनु पर्छ ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को खण्ड (ग) को उप-खण्ड (२) को सट्टा देहायको उप-खण्ड (२) राखिएको छः–

"(२) कानून व्यवसायी ऐन, २०२५ अन्तर्गत परीक्षाको संचालन, कानून व्यवसायीमा दरिन (एनरोलमेण्ट) का लागि पर्न आएको निवेदनपत्र र प्रमाणपत्र दिने विषयहरू ।"

४. मूल नियमावलीको नियम ३३ मा संशोधनः– मूल नियमावलीको नियम ३३ मा देहायको खण्ड (घ) थपिएको छः–

"(घ) कुनै मुद्दामा सार्वजनिक महत्वको जटिल कानूनी प्रश्न समावेश भएको छ र उक्त प्रश्नमा फूल बेञ्चबाट विचार हुन उपयुक्त छ भन्ने सो मुद्दा हेर्ने डिभिजन बेञ्चलाई लागी उक्त बेञ्चले त्यस्तो प्रश्न के हो र त्यसमा के कस्ता जटिलता तथा महत्व समावेश भएको देखिएको छ सो सबै प्रष्ट खुलाई फूल बेञ्चमा पेश गर्नु भनी आदेश दिएको मुद्दा ।"

तर फूल बेञ्चमा पेश हुन आउने यस्ता मुद्दामा सो बेञ्चले सार्वजनिक महत्वको जटिल कानूनी प्रश्न देखे सो प्रश्नको टुंगो लगाइ मुद्दा किनारा गर्न सोही डिभिजन बेञ्चमा फिर्ता पठाउन सकिनेछ ।

५. मूल नियमावलीको नियम ३५ मा संशोधनः– (१) मूल नियमावलीको नियम ३५ को सट्टा देहायको नियम ३५ राखिएको छः–

"३५. डिभिजन बेञ्चबाट हेरिने मुद्दाः– नियम ३३ बमोजिम फूल बेञ्चले हेर्ने मुद्दा नियम ३६ बमोजिम सिंगल बेञ्चले हेर्ने निवेदनपत्र तथा यस नियमावली बमोजिम रजिष्ट्रारले नै निकासा दिने निवेदनपत्र बाहेक अरू सबै मुद्दा निवेदनपत्र र मुद्दासंग सम्बन्धित प्रतिवेदन डिभिजन बेञ्चबाट हेरी किनारा हुनेछ ।"

६. मूल नियमावलीको नियम ३६ मा संशोधनः– मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छः–

"३६. सिंगल बेञ्चबाट हेरिने निवेदनपत्रः– सर्वोच्च अदालतको अधिकार क्षेत्रभित्रको मुद्दासंग सम्बन्धित देहायको विषयमा पर्न आएको निवेदनपत्र सिंगल बेञ्चबाट हेरी निकासा दिइनेछः–

१००

... प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) असमर्थ भएको हुनाले पुनरावेदन गर्नलाई तल्लो अदालतको फैसलाबमोजिम लाग्ने जरिवाना, कैद बापतको धरौटी वा जमानत नलिई पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने गरी पुनरावेदन दर्ता गर्न पाउँ भन्ने ।

(ख) सर्वोच्च अदालतमा दायर रहेको मुद्दा सम्बन्धमा मुनासिव-कारण देखाइ लीलाम बिक्री इत्यादिको तारीख स्थगित गरी पाउँ भन्ने ।

(ग) मुद्दामा कारवाई गर्दा रजिष्ट्रारले गरेको आदेश उपरको उजूरी ।"

७. मूल नियमावलीको नियम ३७ मा संशोधनः– मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएको छः–

"३७. बेञ्च तोक्नेः– (१) यस नियमावलीको अधीनमा रही प्रधान न्यायाधीशले मुद्दा मामिला हेर्ने बेञ्च तोक्नेछ ।

(२) विशेष परिस्थितिमा आफू रहितको स्पेशल बेञ्च वा फूल बेञ्च गठन गर्दा प्रधान न्यायाधीशले जुन विशेष परिस्थिति परेर आफू सो बेञ्चमा रहन नसक्ने भएको हो सो प्रष्ट खुलाइ पर्चा गरी मिसिल सामेल राख्नु पर्छ ।"

८. मूल नियमावलीको नियम ३८ मा संशोधनः– मूल नियमावलीको साविक नियम ३८ लाई उपनियम (१) गरी त्यसपछि देहायको उपनियम (२) थपिएको छः–

"(२) उपनियम (१) को खण्ड (ख) बमोजिम दिइने उजूरी त्यस्तो आदेश भएको पैंतीस दिनभित्र दिइएको हुनु पर्छ ।"

९. मूल नियमावलीको नियम ३९ मा संशोधनः– मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९ राखिएको छः–

"३९. दौडाहा इजलासः– कुनै नेपाल कानूनले कुनै कामका सम्बन्धमा सदर मुकामभन्दा बाहिर बसी इजलास कायम गर्ने व्यवस्था गरेकोमा त्यस्तो इजलास कायम हुन अगावै सो इजलासबाट हेर्नु पर्ने मुद्दाको छुट्टै मुद्दा पेशी सूची रजिष्ट्रारले तयार गरी सम्बन्धित पक्षको पूर्वजानकारीको लागि सार्वजनिक रूपमा सूचना प्रकाशित गर्नु पर्छ ।"

१०. मूल नियमावलीको नियम ५८ मा संशोधनः– (१) मूल नियमावलीको नियम ५८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) बन्दी प्रत्यक्षीकरणको आदेश बाहेक संविधानको धारा ७१ अन्तर्गत अन्य कुनै प्रकारको आज्ञा, आदेश वा पूर्जिको लागि निवेदनपत्र दिँदा निवेदकको कुन हक हनन भएको हो र त्यस्तो हक प्रचलन गराई माग्न अन्य उपचार नभएको कुरा त्यसको लागि निवेदकले माग्ने उपचार र त्यसका आधारहरूको अतिरिक्त निवेदक र विपक्षीको पूरा नाम र वतन समेत स्पष्ट तवरले निवेदनपत्रमा उल्लेख भएको हुनु पर्छ।"

(२) मूल नियमावलीको नियम ५८ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः–

"(३) उपनियम (२) बमोजिम सूचना जारी गरिने भएमा सो निवेदनपत्रको अन्तिम निर्णय नभएसम्म बेञ्चले उपर्युक्त सम्झे को अन्तरिम आदेश दिन सक्नेछ।

तर अन्तरिम आदेश दिनुभन्दा अगाडि विपक्षीहरूमध्ये सबै वा कोहीसंग केही फेरि बुझ्न उपयुक्त छ भन्ने बेञ्चले देखेमा ती विपक्षीलाई उपस्थित हुन सूचना दिइनेछ र निजहरू हाजिर भएपछि वा सूचनाको म्याद नाघेपछि अन्तरिम आदेश दिन वा नदिने निर्णय हुनेछ।"

११. मूल नियमावलीको नियम ५८ पछि थपः– मूल नियमावलीको नियम ५८ पछि देहायको नियम ५८ क. थपिएको छः–

"५८ क. निवेदनपत्रको संशोधनः– (१) यस परिच्छेदबमोजिम परेको कुनै निवेदनपत्रको कुनै व्यहोरा निवेदकले सच्याउन चाहेमा निजले नियम ५८ को उपनियम (२) बमोजिम विपक्षीलाई सूचना जारी हुनुभन्दा अगावै सो व्यहोरा खोली संशोधनका लागि निवेदनपत्र दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम संशोधनको निमित्त परेको निवेदन पत्र मूल निवेदनपत्रको एउटा अंग मानिनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपक्षीलाई सूचना जारी भइसकेपछि त्यस्तो कुनै निवेदनपत्र परेमा त्यस उपर विचार गरिने छैन।"

१२. मूल नियमावलीको परिच्छेद ६ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ६ को सट्टा देहायको परिच्छेद ६ राखिएको छः–

## परिच्छेद–६

### न्याय प्रशासन सुधार अध्यादेश, २०३० को दफा १३ को उपदफा (५) को देहायको (ख) अन्तर्गत पुनरावेदन गर्न पाउने अनुमतिको निवेदन

६०. पुनरावेदन गर्न पाउने अनुमतिको लागि निवेदनपत्र दिनेः–न्याय प्रशासन सुधार अध्यादेश, २०३० को दफा १३ को उप-दफा (५) को देहाय (ख)

१०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत क्षेत्रीय अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउनको लागि दिइने निवेदनपत्र क्षेत्रीय अदालतबाट निर्णय भएको ३५ दिनभित्र पक्ष आफै वा आफ्ना वारिस वा कानून व्यवसायीद्वारा उपस्थित भई दिनुपर्छ र निवेदनपत्रमा देहायबमोजिमको कुरा खुलाई लेख्नु पर्छ :–

(क) निवेदकको नाम, थर, वतन,
(ख) प्रत्येक विपक्षीको नाम, थर, वतन,
(ग) निर्णय गर्ने अदालतको न्यायाधीशको नाम,
(घ) निर्णय भएको मिति,
(ङ) बिगो खुलेको मुद्दा भए बिगोको अंक र क्षेत्रीय अदालतबाट निर्णय हुँदा जरिवाना कैदको सजाय भएकोमा के कति सजाय भएको हो सो कुरा र
(च) निवेदन जिकिर प्रष्ट बुझ्न आवश्यक पर्ने जति मुद्दाको संक्षिप्त विवरण ।

६१. निवेदनपत्रसाथ संलग्न हुनु पर्नेः– (१) नियम ६० अन्तर्गत निवेदनपत्र दिँदा क्षेत्रीय अदालतको जुन निर्णय उपर पुनरावेदन गर्न अनुमतिको माग गरिएको हो सो निर्णयको रीतपूर्वकको प्रतिलिपि सामेल राख्नु पर्छ र क्षेत्रीय अदालतको निर्णयमा संविधानको व्याख्या वा सार्वजनिक महत्वको विषयमा प्रत्यक्षतः गम्भीर कानूनी त्रुटि भएको छ भन्ने आधारमा पुनरावेदन गर्ने अनुमतिको माग गरिएको भए सो त्रुटिबारेको आफ्नो जिकिर प्रष्टसंग बुझिने गरी निवेदनपत्रमा खुलाएको हुनु पर्छ ।

(२) क्षेत्रीय अदालतले आफ्नो निर्णयमा गरेको कानूनको व्याख्या अर्को क्षेत्रीय अदालतको व्याख्यासंग वस्तुतः बाझिएको छ र सो भिन्नता हटाउनु आवश्यक छ भन्ने आधारमा पुनरावेदन गर्ने अनुमतिको माग गरिएको भए आफ्नो मुद्दामा भएको क्षेत्रीय अदालतको अन्तिम निर्णयको रीतपूर्वकको प्रतिलिपि साथ साथै अर्को क्षेत्रीय अदालतको व्याख्या बाझिएको भनिएको अन्तिम निर्णयको रितपूर्वकको प्रतिलिपि समेत निवेदनपत्रसाथ सामेल राख्नु पर्छ र व्याख्या बाझिएको छ भन्ने बारेको आफ्नो जिकिर प्रष्ट बुझिने गरी निवेदनपत्रमा खुलाएको हुनु पर्छ ।

(३) क्षेत्रीय अदालतको जुन अन्तिम निर्णय उपर पुनरावेदन गर्ने अनुमतिको लागि निवेदनपत्र दिइएको हो सो निर्णयबाट निवेदकलाई दण्ड सजाय लागेको भए सो र दण्ड सजायको कैद परेको वा मुलुकी ऐन अदालती बन्दोबस्तको १९४ नम्बरबमोजिम धरौटी वा जमानत दिएकोमा त्यसको निस्सा वा सो नम्बर बमोजिम धरौटी वा जमानत दिन हुनेमा सोबमोजिम धरौट वा जमानत निवेदनपत्र साथै दाखिल गर्नु पर्छ ।

१०३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) निवेदनपत्रको साथमा सबै बिपक्षीहरूको लागि चाहिने जति संख्यामा सो निवेदनपत्रको नक्कल समेत दाखिल गर्नु पर्छ ।

६२. निवेदनपत्रमा कारवाई:– (१) नियम ६० अन्तर्गत दिइने निवेदनपत्र रजिष्ट्रारलाई दिनु पर्छ र निजले नियम ८८ बमोजिम त्यसमा जाँचबुझ गर्नेछ ।

(२) उप-नियम (१) बमोजिम रजिष्ट्रारले जाँचबुझ गरी निवेदन दर्ता गरेपछि निवेदकलाई तारीखमा राखिनेछ ।

(३) निवेदनपत्र दर्ता भएपछि छिनुवा मिसिल र सो साथको प्रमाण मिसिल क्षेत्रीय अदालतबाट झिकाई आएपछि बेञ्च समक्ष पेश गरिनेछ र बेञ्चले पुनरावेदन गर्ने अनुमति दिने नदिने निर्णय गर्नेछ ।

(४) उप-नियम (३) अन्तर्गत पुनरावेदनको अनुमति दिने निर्णय भएकोमा सो निर्णय गर्ने बेञ्चले पुनरावेदनको अनुमति दिन उचित देखेका कारणहरू सबै प्रष्टसंग निर्णयमा खुलाउनु पर्छ ।

६३. निवेदनपत्र पुनरावेदनको रूपमा दर्ता हुने:– (१) नियम ६२ अनुसार पुनरावेदन गर्ने अनुमति दिने निर्णय भएकोमा उप-नियम (२) को अधीनमा रही उक्त अनुमति-को लागि दिइएको निवेदनपत्र नै पुनरावेदनको रूपमा दर्ता गरिनेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन दर्ता गर्दा प्रचलित कानून अनुसार कोर्ट फी वा अन्य दस्तूर लाग्ने भएमा सो दस्तूर पुनरावेदकले नियम ६२ को उपनियम (३) बमोजिम पुनरावेदन दिने अनुमति प्राप्त भएको तीन दिन-भित्र दाखिल गर्नु पर्छ ।

६४. प्रत्यर्थीलाई सूचना दिने:– (१) नियम ६३ बमोजिम पुनरावेदन दर्ता भएपछि रजिष्ट्रारले प्रत्यर्थीहरूलाई नियम ६१ को उप-नियम (४) अन्तर्गत दाखिल भएको निवेदनपत्रको नक्कल र नियम ६२ अन्तर्गत पुनरावेदन दिने अनुमति प्रदान गरेको निर्णयको प्रतिलिपि सहित मुद्दामा छलफलको लागि आफैं वा वारिस वा कानून व्यवसायीद्वारा हाजिर हुने तारीख तोकी सूचना पठाउनेछ ।

(२) उप-नियम (१) अन्तर्गत सूचना पठाउन पुनरावेदकले नियम १०० बमोजिमको दस्तूर दाखिला गर्नु पर्नेछ ।

(३) उप-नियम (१) अनुसार विपक्षीलाई तोकिएको तारीखसंग मिलाइ पुनरावेदकलाई तारीख तोकिनेछ ।

६५. पेशीको तारीख:– (१) नियम ६४ अन्तर्गत तोकिएको तारीखमा विपक्षी हाजिर भएपछि वा सो तारीख गुज्रेपछि नियम ६६ बमोजिम पेशीको तारीख तोकिनेछ ।

(२) यस परिच्छेदमा उल्लिखित कुराहरूको अधीनमा रही नियम ६३ बमोजिम दर्ता भएको पुनरावेदनका हकमा परिच्छेद ६ को व्यवस्था लागू हुनेछ ।

१०५ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीको नियम ८९ मा संशोधनः– मूल नियमावलीको नियम ८९ खण्ड (ख) मा रहेको "नगद रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "दस्तूर" भन्ने शब्द राखिएको छ ।

१४. मूल नियमावलीको नियम ९१ मा संशोधनः– मूल नियमावलीको नियम ९१ मा रहेको "बापत नगद रूपैयाँ" भन्ने शब्दहरू झिकिएको छ ।

१५. मूल नियमावलीको नियम ९२ मा संशोधनः– मूल नियमावलीको नियम ९२ मा रहेको "बापत चाहिने जति नगद" भन्ने शब्दहरू झिकिएको छ ।

१६. मूल नियमावलीको नियम ९३ मा संशोधनः– मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छः–

"९३. बेञ्चमा पेश गर्नेः– (१) नियम ८७ को उप-नियम (१) बमोजिम पुनरावलोकनको परेको निवेदनपत्र अघि मुद्दा निर्णय गर्ने न्यायाधीशहरूको बेञ्चमा पेश गरिनेछ ।

तर अघि मुद्दा निर्णय गर्ने न्यायाधीश वा न्यायाधीशहरू आफ्नो पदमा नरहेमा वा पेशीको तारीख दिन कुनै कारणवस अनुपस्थित रहेमा प्रधान न्यायाधीशले सो निवेदनपत्रको सुनुवाईको लागि अन्य न्यायाधीश वा न्यायाधीशहरूको बेञ्च तोक्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम पुनरावलोकनका लागि निवेदन पेश भई पुनरावलोकनको निस्सा दिन पर्ने मनासिब कारण देखिन आएमा बेञ्चले पुनरावलोकनको निस्सा दिने सम्बन्धमा विपक्षीलाई कारण देखाउनको लागि सूचना पठाउने गरी आदेश दिन सक्नेछ ।"

१७. मूल नियमावलीको नियम १०९ मा संशोधनः– मूल नियमावलीको नियम १०९ को सट्टा देहायको नियम १०९ राखिएको छः–

"१०९ साप्ताहिक मुद्दा पेशी सूची विवरणः– (१) रजिष्ट्रारले अगं पुगी आगामी हप्ताको लागि पेशीको तारीख तोकिएका मुद्दाहरूको सूची तयार पारी हरेक हप्ता बुधवारको दिनसम्ममा प्रधान न्यायाधीश समक्ष पेश गर्नेछ र साप्ताहिक मुद्दा पेशी सूची सूचना पाटीमा टाँस्न लगाउनु पर्छ । उक्त मुद्दा पेशी सूचीमा मुद्दाका पक्ष विपक्षहरूको नाम, मुद्दाको नाम र नम्बर, मुद्दा पेश हुने मिति र मुद्दामा कानून व्यवसायी नियुक्त भएको भए निजको नाम समेत खुलेको हुनु पर्छ ।

१०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नियम ५८ को उपनियम (३) अन्तर्गत अन्तरिम आदेश प्राप्त गर्न नसकेमा निवेदनपत्रको वास्तविक प्रयोजन समाप्त हुन्छ भन्ने जिकिर लिइएको नेपालको संविधानको धारा ७१ अन्तर्गतको निवेदनपत्रमा प्रधान न्यायाधीशले विचार गर्दा अन्तरिम आदेश हुने वा नहुने कुराको निर्णय हुन न्यायको दृष्टिबाट जरूरी छ भन्ने निजलाई सन्तुष्टि भएमा त्यस्तो निवेदन-पत्र र बन्दी प्रत्यक्षीकरणको निवेदनपत्र बाहेक साप्ताहिक मुद्दा पेशी सूची-मा नपरेको कुनै पनि मुद्दा सो हप्तामा बेञ्च समक्ष पेश हुने छैन ।"

१८. मूल नियमावलीको नियम १०६ पछि थपः– मूल नियमावलीको नियम १०६ पछि देहायको १०६ क. थपिएको छ :–

"१०६ क. वहस नोटः– बेञ्चमा सुनवाईको लागि पेश हुने मुद्दाहरूको पक्षले चाहेमा मुद्दा पेश हुने दुई दिन अगावै वहस नोट पेश गर्न सक्नेछ ।"

१९. मूल नियमावलीको नियम ११० मा संशोधनः– मूल नियमावलीको नियम ११० को सट्टा देहायको नियम ११० राखिएको छः–

"११० दैनिक मुद्दा पेशी सूचीः– (१) साप्ताहिक मुद्दा पेशी सूचीमा तोकिए अनुसार प्रत्येक दिन प्रत्येक बेञ्च समक्ष पेश हुने मुद्दाहरूको दैनिक मुद्दा पेशी सूची तयार पारी रजिष्ट्रारले जुन बेञ्च जुन इजलास कोठामा बस्ने सो कोठाको ढोकाको वगलमा राखिएको सूचना पाटीमासो बेञ्चसंग सम्बन्धित दैनिक मुद्दा पेशी सूची टाँस्न लगाउनु पर्छ र एक प्रति सम्बन्धित बेञ्चका न्यायाधीशलाई दिनु पर्छ ।

(२) उप-नियम (१) अनुसार दैनिक मुद्दा पेशी सूची तयार गर्दा अघिल्लो दिनको लागि तोकिएको मुद्दा बेञ्चले हेर्न नभ्याएर बाँकी रहेको भए त्यस्ता बाँकी रहेका मुद्दा सोही बेञ्च गठन भएको भए भोलि पल्टै अग्राधिकार दिई हेरिनेछ ।

(३) मुद्दा पेश हुने दिन रजिष्ट्रारले ठीक १०–३० बजेभित्र मुद्दाको मिसिल सरोकारवाला न्यायाधीश छेउ वा बेञ्चमा पठाउन लगाउनु पर्छ र मुद्दाको छलफल टुंगी फैसला आदेश लेखिने भएमा बाहेक त्यस दिनको काम समाप्त भएपछि सो मिसिल इजलास कर्मचारीले उक्त मिसिल जिम्मा लिने कर्मचारीलाई वापस बुझाई दिनु पर्छ । मिसिल जिम्मा लिने कर्मचारी इजलास लागेको बेलामा त्यहाँ बस्न हुँदैन ।"

१०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मूल नियमावलीको नियम ११६ मा संशोधनः– (१) मूल नियमावलीको नियम ११६ को उप-नियम (१) मा रहेको "अर्जीगरेको वा" भन्ने शब्दहरू झिकिएको छ ।

(२) मूल नियमावलीको नियम ११७ को उप-नियम (२) मा रहेको "न्यायाधीश वा" भन्ने शब्दहरू झिकिएको छ ।

२१. मूल नियमावलीको नियम ११७ मा संशोधनः– मूल नियमावलीको नियम ११७ को सट्टा देहायको नियम ११७ राखिएको छ :–

"११७. मुद्दा पेशी सूचीबाट मुद्दा हटाउने निवेदनः– (१) यस नियमावलीमा लेखिएको कुराको अधीनमा रही साप्ताहिक मुद्दा पेशी सूची र तदनुसार दैनिक मुद्दा पेशी सूचीमा चढेको मुद्दा सो सूचीबाट हटाइ पाउँ भन्ने निवेदन-पत्र लाग्न सक्दैन ।

(२) साप्ताहिक मुद्दा पेशी सूचीमा चढेको कुनै मुद्दा दैनिक मुद्दा पेशी सूचीमा नचढ्दै सो मुद्दाका पक्ष वा निजको वारिस वा निजले अघि-देखि उस मुद्दाको लागि नियुक्त गरी वकालतनामा दाखिल भई सकेको कानून व्यवसायी कानूनबमोजिम पक्राउमा परेको वा हालै मृत्यु भएको वा आकस्मिक तवरबाट बिरामी परेको वा पारिवारिक क्षति भएको वा त्यस्तो आफ्नो काबू बाहिरको आकस्मिक परिस्थिति सृजना भई मुद्दा पेश हुने दिन उपस्थिति हुन नसक्ने कुराको प्रधान न्यायाधीशलाई सन्तोष हुने कारण दिएमा निजले त्यस मुद्दालाई दैनिक मुद्दा पेशी सूचीमा नचढाइ अर्को पेशी तारीख दिन आदेश दिन सक्नेछ ।

(३) उप-नियम (२) बमोजिम दुई पटकभन्दा बढी पेशी स्थगित हुन सक्ने छैन ।"

२२. मूल नियमावलीको नियम ११८ मा संशोधनः– मूल नियमावलीको नियम ११८ को सट्टा देहायको नियम ११८ राखिएको छ :–

"११८. फैसला आदेशको ढाँचाः– (१) सर्वोच्च अदालतबाट हुने प्रत्येक फैसला परिशिष्ट (ग) फाराम नं. १ को ढाँचामा र प्रत्येक आदेश परिशिष्ट (ग) फाराम नं. २ को आदेशपत्र (आर्डर सिट) मा लेख्नु पर्छ । सो लेख्दा न्यायाधीश आफैंले लेख्नु पर्छ वा आफूले बोलेर अदालतको कर्मचारीबाट लेखाउनु वा टाइप गराउनु पर्छ ।

(२) नियम ६३ अन्तर्गत पुनरावेदनको अनुमति दिन निर्णय भई पुनरावेदन परेको मुद्दामा वा मुलुकी ऐन अदालती बन्दोबस्तको २०२ नम्बरबमोजिम विपक्षी झिकाउने आदेश भएको मुद्दामा फैसला गर्ने बेञ्चले उक्त निर्णय वा

१०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेशमा उल्लिखित पुनरावेदनको अनुमति दिने वा विपक्षी झिकाउने कारणसंग सहमत हुन नसक्ने भएमा सो सहमति हुन नसकेको व्यहोरा प्रष्टसंग फैसलामा खुलाउनु पर्छ ।

(३) आफू समक्ष पेश भएको कुनै मुद्दाको मिसिलबाट कुनै राष्ट्र सेवकले प्रत्यक्षत: गैर कानूनी काम गरेको कानूनबमोजिम पालन गर्नु पर्ने कर्तव्य जाना-जान पालन नगरेको वा त्यसको पालन गर्न वा नगर्न मा बदनियती वा ठूलो लापर-वाही गरेको देखेमा बेञ्चले आवश्यक सम्झे सो कुरा फैसला वा अन्तिम आदेशमा उल्लेख गरी फैसलाको प्रतिलिपी सम्बन्धित अख्तियारवाला छेउ पठाउन आदेश दिन सक्नेछ ।"

२३. मूल नियमावलीको नियम १५० मा संशोधन:– मूल नियमावलीको नियम १५० मा रहेको "नगद" भन्ने शब्द झिकिएको छ ।

२४. मूल नियमावलीको परिच्छेद १४ मा संशोधन:– मूल नियमावलीको परिच्छेद १४ को सट्टा देहायको परिच्छेद १४ राखिएको छ :–

परिच्छेद–१४

सर्वोच्च अदालत ऐन, २०१९ को दफा १२ मा उल्लिखित सर्वोच्च अदालतले श्री ५ मा प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन

"१६५. वार्षिक प्रतिवेदनमा खुलाउने कुराहरू:– सर्वोच्च अदालत ऐन, २०१९ को दफा १२ अन्तर्गत सर्वोच्च अदालतले श्री ५ मा प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनमा देहायका कुराहरू खुलाएको हुनु पर्छ :–

(क) प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरूको नाम, वतन, योग्यता उमेर र सर्वोच्च अदालतमा काम गरेको अवधि तथा प्रतिवेदन अवधि भरमा निजहरूको हाजिर बिदाको तथ्यांक ।

(ख) सर्वोच्च अदालतको र सो तालिका अनुसार काम लगाइएका कर्मचारीहरूको विवरण ।

(ग) सर्वोच्च अदालतमा काम गर्ने अधिकृतहरूको नामावली, योग्यता र पद ।

(घ) सर्वोच्च अदालतमा परेका, छिनिएका, छिन्न बाँकी रहेका मुद्दाहरूको विवरण (अघिल्लो दुई वर्ष र हालको तुलनात्मक विवरण सहित) ।

(ङ) प्रतिवेदन तथा निवेदन सुन्ने अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले गरेको कामको विवरण र अघिल्ला दुई सालसंगको तुलना दर्शाउने तालिका ।

१०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) मातहत अदालतहरूका न्यायाधीशहरूको नाम, वतन, योग्यता, उमेर, सम्बन्धित अदालतमा काम गरेको अवधि तथा प्रतिवेदन अवधिभरमा निजहरूको हाजिर बिदाको तथ्यांक ।

(छ) मातहतका अदालतहरूमा परेका, छिनिएका र छिन्न बाँकी रहेका मुद्दाहरूको विवरण (साविकभन्दा हाल के कति प्रतिशत बढ्यो वा घट्यो सो समेत दर्शाउने) ।

(ज) प्रतिवेदन तथा निवेदन सुन्ने अधिकार क्षेत्र अन्तर्गत मातहतका अदालतहरूले गरेको कामको विवरण र अघिल्ला दुई सालसंग तुलना दर्शाउने तालिका ।

(झ) न्यायाधीशहरूको उल्टी पटके रेकर्ड ।

(ञ) मुद्दा छिटोछरितो किसिमले टुंगिन जानेतर्फ प्रतिवेदन अवधिभरमा प्रगति भयो वा भएन त्यसको कारण र त्यसबारे सर्वोच्च अदालतको सुझाव ।

(ट) न्यायपालिकाको सुधार सम्बन्धमा सर्वोच्च अदालतले दिन चाहेको सुझाव ।

१६६. <u>मुद्दाहरूको विवरणः</u>– (१) नियम १६५ को देहाय (घ) बमोजिम मुद्दाको विवरण उल्लेख गर्दा निम्न कुराहरू दर्शाइएको हुनु पर्छ :–

(क) अघिल्लो दुई वर्षको संख्या र प्रतिवेदन अवधिको संख्याको तुलनात्मक विवरण तालिका ।

(ख) सर्वोच्च अदालतले मुद्दा हेर्ने विभिन्न अधिकार क्षेत्रमध्ये कुन कुन अधिकार क्षेत्र अन्तर्गत कति मुद्दा परे (फूल बेञ्च, डिभिजन बेञ्चको अलग अलग गरी) त्यसको तथ्यांक ।

(ग) देवानी, फौजदारी तथा संवैधानिक (नेपालको संविधानको धारा ७१ अन्तर्गत परेका) मुद्दाको अलग अलग संख्या र एक मुष्ठ तेरीज ।

(घ) देवानी तथा फौजदारी मुद्दा के कस्ता किसिमका कति छन् र संवैधानिकमा कुन कुन विषयका के कति छन् त्यसको तथ्यांक ।

(ङ) देवानी मुद्दामा एक हजार रूपैयाँसम्म बिगो भएका कति, एक हजार रूपैयाँभन्दा बढी दुई हजार रूपैयाँसम्म बिगो भएका कति, दुई हजार रूपैयाँभन्दा बढी तीन हजार रूपैयाँसम्म बिगो भएका कति, तीन हजार रूपैयाँभन्दा बढी पाँच हजार रूपैयाँसम्म बिगो भएका कति, पाँच हजार रूपैयाँभन्दा बढी दश हजार रूपैयाँसम्म बिगो भएका कति, दश हजार रूपैयाँभन्दा बढी बीस हजार रूपैयाँसम्म बिगो भएका कति र बीस हजारभन्दा बढी बिगो भएका मुद्दा कति छन् तथा मुद्दाको प्रकृतिले बिगो नखुल्ने मुद्दा कति छन् त्यसको तथ्यांक ।

१०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) फौजदारी मुद्दामा एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, दुई वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, चार वर्षसम्म कैद वा चार हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, छ वर्षसम्म कैद वा छ हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, दश वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै हुने मुद्दा कति, मृत्यु दण्ड हुने मुद्दा कति, सर्वस्व सहित जन्म कैद हुने मुद्दा कति र जन्म कैद हुने मुद्दा कति छन् त्यसको तथ्यांक ।

(छ) पुनरावेदन परिआएको मुद्दामा कुन कुन अदालतको निर्णय उपर कति पुनरावेदन परेर तीमध्ये प्रतिवेदन अवधिभरमा किनारा लागेका मुद्दामा तल्लो अदालतको निर्णय सदर वा उल्टी वा केही उल्टी भएको संख्या ।

(२) नियम १६५ को देहाय (घ) बमोजिम मुद्दाको विवरण उल्लेख गर्दा क्षेत्रीय अदालतहरूको हकमा प्रत्येक क्षेत्रीय अदालतको अलग अलग र अञ्चल अदालत तथा जिल्ला अदालतहरूको हकमा एक क्षेत्रीय अदालत अन्तर्गत पर्ने जतिको एक मुष्ठ संख्या उल्लेख गर्नु पर्छ र उप-नियम (१) को खण्डहरूमा उल्लिखित कुराहरू (संवैधानिक मुद्दासंग सम्बन्धित बाहेक) दर्शाइएको हुनु पर्छ ।

१६७. मास्केवारीको ढाँचाः– (१) सर्वोच्च अदालत ऐन, २०१९ को दफा १२ अन्तर्गत श्री ५ समक्ष सर्वोच्च अदालतले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनमा नियम १६५ र १६६ मा उल्लिखित कुराहरू दर्शाउन आवश्यक पर्ने तथ्यांकहरू समय समयमा नै उपलब्ध हुँदै जानको लागि मातहतका अदालतहरूले पठाउने गरेको काम कारवाईको मास्केवारी फाँटमा उक्त तथ्यांकहरू स्पष्ट खुल्न सक्नेगरी सर्वोच्च अदालतले मास्केवारी फाँटको ढाँचा तोकी मातहतका अदालतहरूमा पठाउनेछ र सो ढाँचा अनुसार मातहतका अदालतहरूले फाँटवारी पठाउनु पर्नेछ ।"

२५. मूल नियमावलीको परिच्छेद १५ मा संशोधनः– मूल नियमावलीको परिच्छेद १५ को सट्टा देहायको परिच्छेद १५ राखिएको छ :–

परिच्छेद–१५

विशेष कारवाई र अरू व्यवस्था

"१६८. छूट प्रमाण पेश गर्नेः– कानूनले प्रमाण लाग्न सक्ने लिखत कागजपत्र नक्सा इत्यादि कुनै कारणले मातहतका अड्डा अदालतमा पेशहुन सकेको रहेनछ भने मुद्दा पेशी सूचीमा चढी सक्नुभन्दा अगावै दाखिल गर्न सक्नु पर्छ सो गर्न नसकेमा मुद्दा पेशी सूचीमा चढी सकेपछि बेञ्चले त्यस्तो प्रमाणको वास्ता नगर्न पनि सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६९. इजलासमा लगाउने पोशाकः– इजलासमा बस्दा प्रधान न्यायाधीश लगायत अन्य सबै न्यायाधीशहरूले बर्खा बारेको अवस्थामा बाहेक कालो कोट, कालो जुत्ता र कालो टोपी लगाउनु पर्छ ।

१७०. हाजिरी बेन्च तोकिने र इजलासको समयः– (१) प्रधान न्यायाधीश लगायत प्रत्येक न्यायाधीशले आएको र गएको समय जनाइ हाजिर जनाउनु पर्नेछ ।

(२) प्रधान न्यायाधीशले आवश्यकतानुसार कुनै न्यायाधीशलाई आफूले गरेको फैसला आदेश लेख्न बेञ्चमा बसेको प्रत्येक पाँच दिनपछि एक दिन बेञ्च नतोक्न सक्नेछ । यसरी बेञ्च नतोकिएको दिन न्यायाधीशले समयमै उपस्थित भई आफूले लेख्न बाँकिरहेको फैसला वा आदेश लेख्ने काम वा मुद्दाको निर्णय गर्नेमा सहायक हुने नजीरहरू आदिको अध्ययन गर्नु पर्नेछ ।

(३) अदालत खुलेको दिन न्यायाधीशको इजलास साधारणतः पूर्वाद्ध साढे दश बजेदेखि लाग्नेछ र अदालत बन्द नभएसम्म बीचमा आधा घण्टाको विश्रामका लागि इजलास उठ्ने बाहेक अरू समय चालू रहनेछ ।

१७१. दस्तूर बापत टिकट टाँस्न सकिनेः– यस नियमावलीबमोजिम वा प्रचलित नेपाल कानूनबमोजिम सर्वोच्च अदालतमा लिखित कारवाई गरिँदा कुनै दस्तूर बुझाउनु पर्ने भएमा सो दस्तूरको मूल्य बराबरको टिकट सम्बन्धित कागजातमा टाँस्न सकिनेछ ।

१७२. कर्मचारीको आचरणः– (१) सर्वोच्च अदालतका अधिकृत कर्मचारीहरूलेः–

(क) तोकिएको ठीक समयमा अड्डामा आउनु पर्छ ।

(ख) अड्डामा आउनासाथ आफ्नो ठेकिएको काममा लाग्नु पर्छ ।

(ग) अड्डामा हाजिर भएपछि अड्डासम्बन्धी काम बाहेक अरू कुनै काममा आफू माथिको अधिकृतलाई नसोधी आफ्नो काम छोडी अड्डा लागेको समयमा अन्त जान हुँदैन ।

(घ) इजलास लागेको ठाउँमा कुनै अवस्थामा पनि धुम्रपान गर्न हुँदैन ।

(२) सर्वोच्च अदालतका गैह्र सरकारी अधिकृत वा कर्मचारीले अड्डाको काम गर्दा आफूलाई थाहा भएको गोप्य कुरा प्रकट गर्न हुँदैन । सोबमोजिम नगरी प्रकट गरेको ठहरेमा कारवाई र सजाय हुनेछ ।

१७३. मालसामानको संरक्षणः– अड्डासम्बन्धी काम गर्दा प्रयोगमा ल्याउने वा आउने कुनै जिन्सी मालसामान अदालतका अधिकृत कर्मचारीले यथासम्भव बिग्रन, भत्कन, खेर फाल्न वा टुटफुट हुन दिन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७४. काम गर्ने शाखाहरू:– सर्वोच्च अदालतमा साधारणतः देहायबमोजिमका शाखा रहने छन् तर आवश्यकतानुसार सर्वोच्च अदालतले यी नामकरणमा तथा तिनीहरूको काममा हेरफेर गर्न सक्नेछ :–

(क) पुनरावेदन दर्ता शाखा
(ख) मुद्दा शाखा
(ग) लगत नगदी शाखा
(घ) सिसिल शाखा
(ङ) निवेदनपत्र शाखा
(च) विविध शाखा
(छ) प्रशासन शाखा
(ज) कानून पत्रिका शाखा
(झ) नक्कल शाखा
(ञ) मास्केवारी शाखा
(ट) प्रतिवेदन शाखा ।

१७५. यस नियमावलीबमोजिम व्यवस्था:– यस निमावलीमा लेखिएका कुरामा यसै नियमावलीबमोजिम हुनेछ र अरूमा सर्वोच्च अदालतले आफ्नो आन्तरिक कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

१७६. रूपान्तर:– मूल नियमावलीमा प्रयोग भएको देहायका शब्दहरूको देहायबमोजिम रूपान्तर गरिएको छ :–

(क) "कजलिष्ट" को सट्टा "मुद्दा पेशी सूची" ।
(ख) "वकिल"को सट्टा "कानून व्यवसायी" ।

१७७. मूल नियमावलीको केही परिच्छेद र नियम खारेज:– मूल नियमावलीको देहायको परिच्छेद र नियम खारेज गरिएको छ :–

(क) परिच्छेद–७
(ख) नियम १११, ११३, ११४ र ११५ ।"

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

११२


गरिएपछि मात्र लागु हुनेछ।